२६. कोष सञ्चालन

(१) कोष सञ्चालन समिति देहाय बमोजिम रहनेछ :

| | |
|---|---|
| (क) प्रमुख प्रशासकीय अधिकृत | अध्यक्ष |
| (ख) गाउँ शिक्षा समितिद्धारा मनोनित सो समितिको सदस्य एक जना | सदस्य |
| (ग) कार्यापालिकाद्धारा मनोनित एक जना | सदस्य |
| (घ) वडा कार्यलयबाट मनोनित सो समितिको सदस्य एक जना | सदस्य |
| (ङ) शिक्षा अधिकृत | सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको कोष सञ्चालन समितिको काम, कर्तव्य र अधिकार तथा बैठक तोकिए बमोजिम हुनेछ ।

(३) कोषको खाता सञ्चालन तोकिए बमोजिम हुनेछ ।

२७. विद्यालय कोषः

(१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ , जसमा देहाय बमोजिमका स्रोतबाट प्राप्त रकम सो कोषमा दाखिला हुनेछ ।

(क) नेपाल सरकार, प्रादेशिक सरकार र गाउँ पालिकाबाट प्राप्त अनुदान,
(ख) गाउँ पालिका शिक्षा कोषबाट प्राप्त अनुदान,
(ग) शुल्क तथा सहयोगबाट प्राप्त रकम,
(घ) दान दातव्यबाट प्राप्त रकम,
(ङ) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र लेखापरीक्षण तथा सामजिक लेखापरीक्षण तोकिए बमोजिम हुनेछ ।

२८. गाउँ पालिकाले निर्देशन दिन सक्नेः-

(क) गाउँ पालिकाले विद्यालय व्यवस्थापन समितिलाई तोकिएको क्षेत्रसँग सम्बन्धित आवश्यक निर्देशनहरू दिन सक्नेछ ।

(ख) उपदफा (क) बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

२९. गाउँ पालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्नेः

गाउँ पालिकाले तोकिएबमोजिम गाउँ क्षेत्र भित्र नियमानुसार सञ्चालनका रहेका कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुईभन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालयको नाम परिवर्तन गर्न वा विद्यालय बन्द गर्न वा तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा विद्यालयमा कक्षा थप गरी संचालन गर्न अनुमति वा स्वीकृति प्रदान गर्न सक्नेछ ।

३०. विद्यालयको सम्पत्तिः-

(क) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजानिक सम्पत्ति मानिनेछ । कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति गाभिने विद्यालयको नाममा स्वतः स्थानान्तरण हुनेछ ।

(ख) शैक्षिक गुठी अर्न्तगत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहने छ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रूपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरूप परिवर्तन गर्न पाइने छैन्।

(ग) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।



केशव नन्द वनिया
गाउँपालिका अध्यक्ष